जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
चि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily


एक कदम अगाडि




बर्ष १२ • अंक ३३९ • २०८२ असोज ११ गते शनिवार • 27 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबुद्धवर्गको रुचि
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



# के भो दशैंको त्यो चलन ?

शरद ऋतुमा पर्ने दसैं चाड हिन्दु धर्मावलम्बीको महत्वपूर्ण चाड हो । यस चाडमा विदेशमा रहेका आफन्त समेत घर फर्केर आफु भन्दा ठूलाको हातबाट टीका जमरा र आशीर्वाद लिने चलन छ । यस कार्यले दुबै पक्षको भलो हुन्छ भने मान्यता रहि आएको छ । त्यसैले हरेक वर्षको दसैंमा कम्तीमा टीका र आशिर्वाद थाप्नका लागि भनेर विदेशका वर्षौ नेपालमा नफर्किएकाहरु स्वदेश फर्केर मान्यजनको हातबाट टीका जमरा र आशिर्वाद लिएर फर्कने चलन छ। यहि दृष्टिकोणले देश विदेशबाट आउने पाहुना वा आफन्तलाई हिंडेर आउंदा बाटोमा कुनै समस्या नहोस भनेर मुलबाटो देखि वारि वापारि गांउसम्म जाने बाटो हुन कि माथिल्लो बाट तल्लो गांउ जाने बाटो हुन सबै बाटा खनेर पनि राम्रो समतल बनाईन्थ्यो । वर्षको पानीले पहिरो जांदावा भेल बग्दा समेत बाटो भत्केको हुन्थ्यो । तिनलाई मर्मत सम्भार गरी हिंडन सहजहोस् भनेर यस्तो कार्य गरिन्थ्यो जुन वास्तवमा राम्रो र सकारात्मक सोचको विकास गराउने खालको काम हो ।

जुन बेला विशेष गरी गांउघरमा यातायातका साधन गुड्न सक्ने सडक बनेका पनि थिएनन् त्यस बेला यात्रा भनेको हिंडेर गरिन्थ्यो। पैदल यात्रा गर्नु भनेको समयमा गन्तव्यमा पुग्न चांहि निकै नै धौ धौ पर्थ्यो। अझ वर्षको पानीले विग्रेको बाटामा त सहज अवागमन गर्न निकै कठीन थियो । यसरी हरेक वर्षको दसैं सुरु भएपछि बाटाहरु मरम्मत संभार गर्ने चलन थियो । अर्थात् देश विदेशबाट आउनेका लागि मात्र नभई हाम्रा गांउघरकै मानिस आउजाउ गर्नका लागि पनि बाटो मर्मत सम्भार गर्ने चलन थियो । यस बेलामा गाउंघरका बाटा मर्मत गर्न वडाका सबैजसो नागरिक भेला भएर रमाउंदै बाजागाजाका साथ बाटो खन्दाको क्षण निकै रोमाञ्चक पनि हुन्थ्यो । यस्तोमा एउटै ठांउमा बसोबास गर्ने नागरिकसंग चिनजान नभएर चिनजान गर्ने मौका पनि मिल्थ्यो । हार्दिकता सटासाट हुन्थ्यो । यसले उनीहरु बीच आत्मीयताको भावना बढेर जान्थ्यो । यो पनि एउटा सामाजिक सकारात्मक पाटो हो । – कवि उदय यादव

# गत भदौ २५ मा राजविराज कारागारबाट भागेका दुई जना कैदी मृत भेटिए

**जलेश्वरटुडे समाचारदाता**
**राजविराज, १० असोज**

गत भदौ २५ मा राजविराज कारागारबाट भागेका दुई जना कैदी मृत भेटिएका छन्।

कर्तव्य ज्यान मुद्दामा सजाय भोगिरहेका सप्तरीको बलानबिहुल गाउँपालिका-४ का ५० वर्षीय तुरन्तलाल बरही र सप्तकोशी नगरपालिका-१० का ४० वर्षीय सन्तोष तामाङ मृत भेटिएका हुन् । बरही भदौ २६ गते विष्णुपुर गाउँपालिका-६ रञ्जितपुरमा र तामाङ २७ गते राजगढ गाउँपालिका-३ नर्घो पूवारीकट्टीस्थित रुखमा झुन्डिएको अवस्थामा मृत भेटिएको डीएसपी बस्नेतले बताए ।

'दुवै जनाले आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानले



देखिन्छ,' उनले भने, 'थप अनुसन्धान हुँदै छ।' कर्तव्य ज्यान मुद्दामा दोषी ठहर भएका तामाङलाई २५ वर्ष कैद सजाय भएपछि ०७५ पुस १५ मा कारागार चलान भएका थिए भने बरही पनि कर्तव्य ज्यान मुद्दामै कैद भुक्तान गरिरहेका थिए ।

जेन-जी आन्दोलनको मौका छोपी भदौ २५ मा कारागारभित्र आगजनी गरेर यहाँका दुई सय ५ कैदीबन्दी भागेका थिए । अहिलेसम्म एक सय ३ जना कैदीबन्दी पक्राउ परेका छन् ।

# दुई महिनामा १७ अर्ब ३ करोड मूल्य बराबरको वस्तु तथा सामान निर्यात

**जलेश्वरटुडे समाचारदाता**
**बिरगंज, १० असोज**



चालु आर्थिक वर्षको दुई महिनामा वीरगञ्ज नाकाबाट रु १७ अर्ब तीन करोड मूल्य बराबरका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ । गत आवको सोही अवधिको तुलनामा चालु आवको दुई महिनामा रु १० अर्ब ९८ करोडभन्दा बढीको वस्तु तथा सामान निर्यात भएको हो। गत आवको पहिलो दुई महिनामा यस नाकाबाट रु छ अर्ब पाँच करोड मूल्य बराबरको वस्तु तथा सामान निर्यात भएको थियो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले वीरगञ्ज नाका हुँदै चालु आवको दुई महिनामा निर्यात उत्साहजनक भएको बताउनुभयो। "गत आवको दुई महिनाको तुलनामा चालु आवको सोही अवधिमा यहाँबाट हुने निर्यात १८१ प्रतिशतले वृद्धि भएको छ", उहाँले भन्नुभयो, "गत आवको दुई महिनामा यहाँबाट हुने वैदेशिक व्यापारको अनुपात १:२० रहेको अहिले सो अनुपातमा सुधार भएर १:६० मा पुगेको छ ।" वीरगञ्ज नाका हुँदै चालु आवको दुई महिनामा रु आठ अर्ब ८४ करोड मूल्य पर्ने रु चार करोड २८ लाख २४ हजार ८७१ लिटर भटमासको तेल प्रशोधित निर्यात भएको छ।

जबकी गत आवको सोही अवधिमा भने तीन लाख मूल्य पर्ने ४८० लिटर भटमासको तेल प्रशोधित निर्यात भएको थियो। त्यस्तै चालु आवको दुई महिनामा रु एक अर्ब २४ करोड मूल्य पर्ने रु एक करोड २६ लाख ९५ हजार ७३२ लिटर फलफूलको जुस विदेशी मुलुकमा निर्यात भएको छ।




## तपाईको टुडे

मेषः विचार गरेर बोल्नुहोला

वृषः लामो यात्राको योग छ

मिथूनः अनावश्यक चिन्ता

कर्कटः मित्रतामा फाटो आउने

सिंहः मनमा पछुतो आउने

कन्याः आम्दानी हुने

तुलाः अशुभ समाचार प्राप्त हुने

वृश्चिकः पढाईमा ध्यान दिनुपर्ने

धनुः खानपानमा समस्या आउने

मकरः पिछडेको साथी मिल्ने

कूम्भः अनावश्यक खर्चको संभावना

मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरान र रुसबीच साना मोड्युलर रिएक्टर निर्माणका लागि समझदारी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० असोज**

इरान र रुसले बुधबार इरानमा साना मोड्युलर रिएक्टर निर्माणका लागि समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । यस समझदारीले दुई देशबीच आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोग, दिगो विकास, ऊर्जा सुरक्षा, र उन्नत प्रविधिको सुदृढीकरण लाई प्रोत्साहित गर्ने उद्देश्य राखेको छ।



समझदारी पत्रमा इरानको आणविक ऊर्जा सङ्गठन का प्रमुख मोहम्मद एस्लामी र रुसको राज्य आणविक ऊर्जा निगम रोसाटमका प्रमुख अलेक्सी लिखाचेभ बीच हस्ताक्षर भएको हो । एस्लामी सेप्टेम्बर २५ देखि २८ सम्म चल्ने विश्व आणविक सप्ताह फोरममा भाग लिन मस्को पुगेका थिए । एमओयुमा भविष्यमाआधारित आणविक ऊर्जा संयन्त्रको डिजाइन र निर्माणका लागि थप सम्झौता तयार गर्ने योजना पनि उल्लेख छ। एस्लामीले तेहरान-मस्कोबीचको सम्झौताको ढाँचाभित्र रुसले इरानमा आठ आणविक ऊर्जा संयन्त्र निर्माण गर्ने अपेक्षा राखिएको बताएका छन्, जसमा दक्षिणी प्रान्त बुशहरमा चार संयन्त्र समावेश छन्। इरानले यस परियोजनामार्फत २० हजार मेगावाट बिजुली उत्पादन गर्ने महत्वाकांक्षी लक्ष्य लिएको छ। यो समझदारीले दुवै देशलाई राष्ट्रिय नियम र अन्तर्राष्ट्रिय दायित्वको पालना गर्दै आणविक ऊर्जामा सहकार्य गर्न प्रेरित गर्नेछ, जसले इरानको ऊर्जा संरचना सुदृढ गर्ने र रुससँगको प्राविधिक तथा रणनीतिक साझेदारीलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ ।

# शुक्रबारका लागि तोकियो विदेशी मुद्राको विनिमयदर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० असोज**

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ५७ पैसा र बिक्रीदर १४२ रुपैयाँ १७ पैसा निर्धारण गरिएको छ ।




युरोपियन युरो एकको खरिददर १६६ रुपैयाँ २४ पैसा र बिक्रीदर १६६ रुपैयाँ ९४ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १९० रुपैयाँ १७ पैसा र बिक्रीदर १९० रुपैयाँ ९८ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७७ रुपैयाँ ८७ पैसा र बिक्रीदर १७८ रुपैयाँ ६३ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ९३ रुपैयाँ २५ पैसा र बिक्रीदर ९३ रुपैयाँ ६५ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ ८९ पैसा र बिक्रीदर १०२ रुपैयाँ ३२ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ ८३ पैसा र बिक्रीदर ११० रुपैयाँ २९ पैसा तोकिएको छ । जापानी येन १० को खरिददर नौ रुपैयाँ ५१ पैसा र बिक्रीदर नौ रुपैयाँ ५५ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ८७ पैसा र बिक्रीदर १९ रुपैयाँ ९६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ७५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९१ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ८४ पैसा र बिक्रीदर ३९ रुपैयाँ कायम भएको छ ।

# सिम्रन परियारको स्वरमा 'चुना लाएर' सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० असोज**




सिम्रन परियारको स्वरमा समावेश 'चुना लाएर' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। दिनेश सुवेदीको शब्द रहेको यो गीतमा बाबुल गिरीको संगीत छ।

गीतको भिडियोमा मोडल इशा परियारले नृत्य गरेकी छिन् । लामो समयदेखि मोडलिङ क्षेत्रमा सक्रिय इशाले यो गीतको भिडियोमा आकर्षक नृत्य गरेकी छिन्।

उनले, यसअघि नायक पल शाहसँग 'डार्लिङ डार्लिङ' बोलको गीतको भिडियोमा पनि काम गरिसकेकी छिन्। साथै, इशाले एक दर्जन बढी भिडियोमा पनि नृत्य गरेकी छिन्। यो भिडियोमा उनको मिहिनेत प्रस्ट झल्किएको छ । भिडियोमा उनको साथमा विशाल कैनी, रमेश अधिकारी, रमेश बुढाथोकी र दीपेन्द्र कुँवरको पनि अभिनय हेर्न सकिन्छ। विशाल कैनीको कोरियोग्राफी तथा निर्देशनमा तयार भएको भिडियोमा मिलन विश्वकर्माको सम्पादन, नवराज उप्रेतीको छायाङ्कन छ । भिडियोमा एक युवतीको बदलाको कथा पनि समेटिएको छ।

# एसिया कप : सधैं विवाद, पहिलोपटक उपाधिका लागि भिड्दै भारत-पाकिस्तान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० असोज**



एसियाकपको १७औं संस्करणसम्म आइपुग्दा भारत-पाकिस्तान पहिलोपटक फाइनलमा आमने-सामने हुँदैछन् । बिहीबार बंगलादेशलाई हराएसँगै पाकिस्तानले यसपटकको एसिया कपको उपाधि भीडन्तमा भारतलाई प्रतिद्वन्द्वी पक्का गरेको हो। दुवै देशबीच २८ सेप्टेम्बर अर्थात् आइतबार दुबईमा उपाधि भीडन्त हुनेछ।

ट्वान्टी-२० फर्म्याटमा भइरहेको खेलको समूह चरण र सुपर ४ मा भारतले बाजी मारेको थियो। भारत अपराजित हुँदै फाइनल प्रवेश गरेको हो भने पाकिस्तानले समूह चरण र सुपर चारमा भारतसँगै हार बेहोरेको थियो । फाइनलमा भारत उक्त जितको उच्च मनोबलसहित उत्रिनेछ भने पाकिस्तान यसअघिका हारको बदला लिने मनसायका साथ उत्रिनेछ । यी दुई देशबीचको प्रतिस्पर्धा खेलका रुपमा मात्र नभइ खेल मैदानमा आक्रामक प्रतिस्पर्धा हुनेछ । पहलगाममा भएको आतंकवादी आक्रमणपछि पाकिस्तानसँग कुनै पनि खेल नखेल्ने बताएको भारतले अन्ततः आईसीसी र एसीसीका आयोजनाहरुमा प्रतिस्पर्धा गर्ने निर्णय गरेको थियो।

यसअघिका दुई खेलमा पनि यी दुई देशबीचको खेलका क्रममा खेलाडीहरुबीच नै एक अर्काप्रति सांकेतिक प्रहार गर्ने काम भएको छ। भारतले हात नमिलाउँदा होस् या पाकिस्तानी ब्याटरले अर्धशतक लगाउँदा 'गन पोजिसन' सेलिब्रेसन गर्दा लगायतका क्रियाकलाप चर्चाका विषय बनिरहेका छन् । यस्तोमा यी दुई कट्टर प्रतिद्वन्द्वीबीचको उपाधि भीडन्त रोचक हुनेछ। यद्दपि पछिल्ला आधा दर्जन बढी ट्वान्टी-२० प्रतियोगितामा भारतले एकतर्फी बाजी मारेको छ। सोही कारण पनि भारतीय टिमको मनोबल उच्च रहेको छ। भारत र पाकिस्तानबीच अन्तर्राष्ट्रिय क्रिकेटमा यो फाइनल खेल १३ औं पटक हुँदैछ। यसअघि भएका १२ फाइनलमा ८ पटक पाकिस्तान र मात्र ४ पटक भारतले जित निकालेको थियो । २०१७ को आईसीसी च्याम्पियन्स फाइनलमा दुवै टिमले अन्तिमपटक उपाधिका लागि भिडेका थिए । उक्त प्रतियोगितामा पाकिस्तानले बाजी मारेको थियो।







# मधेश प्रदेशमा कांग्रेसले प्रदेश सरकारको नेतृत्व लिने गरी अगाडि बढ्नुपर्छ : शर्मा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० असोज**

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले मधेश प्रदेशमा कांग्रेसले प्रदेश सरकारको नेतृत्व लिने गरी अगाडि बढ्नुपर्ने धारणा राख्नुभएको छ। जिल्ला पार्टी कार्यालयको अवस्था बुझ्न पूर्वको झापाबाट सप्तरी हुँदै बिहीबार जनकपुरधाम आउनुभएका महामन्त्री शर्माले नेपाली कांग्रेस धनुषाको क्षतिग्रस्त पार्टी कार्यालयमा पत्रकारसँग कुरा गर्दै यस्तो बताउनुभएको हो।



उहाँले नेपाली कांग्रेसलाई बलियो बनाउनमा सबैभन्दा बढी योगदान मधेशले दिएको भन्दै कांग्रेसबाहेकका अन्य दलले पटक पटक सरकारको नेतृत्व गरिसकेकोले अब कांग्रेसले नेतृत्व लिने गरी अगाडि बढ्नुपर्ने शुभेच्छा केन्द्रको रहेको बताउनुभयो। उहाँले सङ्घीयताको मर्म अनुसार मधेश प्रदेशमा कांग्रेसको प्रदेश कार्य समिति र प्रदेश संसदीय दल रहेको भन्दै सरकारको नेतृत्व लिने नलिने अधिकार प्रदेशलाई रहेको भन्दै सरकारको नेतृत्व लिने गरी प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादवले अन्य दलसँग छलफल चलाउनुपर्ने बताउनुभयो। उहाँले मधेशमा कांग्रेसले नेतृत्व लिने गरी अगाडि बढ्नुपर्ने शुभेच्छा केन्द्रको रहे पनि मधेश प्रदेशका नेता साथीहरूले फरक कुरा राखेमा त्यो निर्णय गर्ने अधिकार प्रदेशलाई नै रहेको बताउनुभयो। एक फरक प्रसङ्गमा महामन्त्री शर्माले जेनजी पुस्ताको भावनालाई समेट्ने गरी नेपाली कांग्रेसले समग्रमा रूपान्तरण हुने बताउनुभयो। उहाँले पुस्तान्तरणभन्दा पनि सबैलाई गाँसेर रूपान्तरित कांग्रेस बनाउनुपर्नेमा जोड दिनुभयो। यसैबिच कल्याणपुर समाचारदाताका अनुसार राजविराजस्थित नेपाली कांग्रेस पार्टी कार्यालयमा भएको क्षतिको निरीक्षण र कार्यकर्तासँग भेटघाट गर्न बिहीबार राजविराज आइपुग्नुभएका महामन्त्री शर्माले अहिले प्रतिनिधि सभा नरहेको भए पनि राष्ट्रपति, राष्ट्रिय सभा र प्रदेश जीवितै रहँदा पनि संविधान भने घाइते अवस्थामा पुगेको जस्तै भएको बताउनुभएको छ। उहाँले भन्नुभयो, "राष्ट्रपति संस्था, राष्ट्रिय सभा र प्रदेश छँदै छ तर संसद् विघटन हुँदा संविधान घाइते जस्तै भएकाले फेरि यसलाई पूर्ण स्वस्थ अवस्थामा ल्याउनु पर्छ।" "आवश्यक्ताको सिद्धान्त अनुसार राष्ट्रपतिले प्रतिनिधि सभा विघटन नै गर्नुभन्दा संसद्को बैठक बोलाएर पनि जनता र आन्दोलनको माग अनुसार निर्णय गरेर संसद् बाहिरबाट सीमित समयका लागि सरकार गठन भएको भए राम्रो हुने थियो," उहाँले भन्नुभयो। संसद् पुनर्स्थापना वा ताजा जनादेशमा जाने भन्ने विषयमा अहिले नेपाली कांग्रेसले कुनै निर्णय गरिनसकेको बताउनुभयो। सञ्चारकर्मीले राखेको जिज्ञासामा महामन्त्री शर्माले गत भदौ २३ गते नवजवानमाथि जथाभाबी गोली चलाउनेलाई कारबाही हुनुपर्नेमा जोड दिनुभयो।

# चाडपर्वलाई लक्षित गर्दै मधेस प्रदेश प्रहरी कार्यालयद्वारा विशेष सुरक्षा योजना लागु



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० असोज**

दसैँ, तिहार, छठ लगायतका चाडपर्वलाई लक्षित गर्दै मधेस प्रदेश प्रहरी कार्यालयले विशेष सुरक्षा योजना लागू गरेको छ। प्रदेशका आठवटै जिल्लामा असोज ६ गतेदेखि छठ पर्वसम्म लागू हुने गरी ६ हजार ५३२ सुरक्षाकर्मी परिचालन गरिएको प्रदेश प्रहरीका प्रवक्ता एसएसपी कमल थापाले जानकारी दिए।

उनका अनुसार चाडपर्वको भीडभाडमा आपराधिक गतिविधि रोकथाम, सडक सुशासन कायम, सीमावर्ती क्षेत्रमा अवैध गतिविधि नियन्त्रण र सर्वसाधारणलाई सुरक्षाको प्रत्याभूति दिने उद्देश्यले योजना तयार गरिएको हो। हालैको जेनजी आन्दोलनको प्रभावले उत्पन्न भयको माहोललाई चिर्न पनि सुरक्षा व्यवस्था थप कडा पारिएको उनले बताए। सुरक्षा योजनाअनुसार प्रत्येक जिल्लामा सरदर ८ सय प्रहरी परिचालन हुनेछन्। प्रदेशभरि ४८ वटा क्यूआरटी (क्विक रेस्पोन्स टिम), १९ वटा स्ट्राइकिङ टोली, ११६ स्थानमा ट्राफिकसहित चेकिङ, १२६ मोबाइल गस्ती, २१२ पैदल गस्ती, ३२५ पिकेट गस्ती र २६ स्थानमा राजमार्ग स्कर्टिङको व्यवस्था गरिएको छ।

साथै, महत्त्वपूर्ण सरकारी प्रतिष्ठान, धार्मिक एवं पर्यटकीय स्थल, बैंक तथा वित्तीय संस्था लगायतका संवेदनशील स्थानमा ८६ विशेष टोली खटाइने प्रदेश प्रहरीको योजना छ। प्रदेश प्रहरी प्रमुख डीआईजी उमा प्रसाद चतुर्वेदीका अनुसार बैंक, सुनचाँदी पसल, बजार र भिडभाड हुने क्षेत्रमा चोरी, लुटपाट, पाकेटमार तथा ठगी नियन्त्रणका लागि विशेष निगरानी रहनेछ। कृत्रिम अभाव, मूल्यवृद्धि, सार्वजनिक यातायातमा तोकिएको भन्दा बढी भाडा असुली, अवैध मदिरा उत्पादन तथा जुवातास जस्ता गतिविधि रोक्न पनि प्रहरीलाई कडा निर्देशन दिइएको छ।

खुला सीमाको कारण लुटपाटमा प्रयोग हुन सक्ने हतियारको दुरुपयोगको जोखिम रहेको सुरक्षा विश्लेषणमा देखिएकाले संवेदनशील सीमाक्षेत्रमा विशेष प्रहरी टोली परिचालन गरिएको चतुर्वेदीले बताए। उनले भने, "दसैंदेखि छठसम्मको समयलाई सुरक्षित र भयरहित बनाउन आवश्यक सबै सुरक्षा व्यवस्थापन गरिएको छ। नागरिकले ढुक्क भएर पर्व मनाउन सक्ने वातावरण बनाइएको छ।"

# अन्तरजातीय विवाह सामाजिक विकृति रहेको भन्दै न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय देव सम्मेलन

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १० असोज**

सरकारले अन्तरजातीय विवाहलाई प्रोत्साहन गरिरहेको बेला देव जाति आबद्ध संघसंस्थाले अन्तरजातीय विवाह सामाजिक विकृति रहेको भन्दै न्यूनीकरण गर्न सप्तरीमा अन्तर्राष्ट्रिय देव सम्मेलन गर्ने भएको छ।



राजविराजमा शुक्रबार पत्रकार सम्मेलन गर्दै असोज १७, १८ र १९ सम्म बागेश्वरी मन्दिर परिसरमा चल्ने सम्मेलनबारे जानकारी गराएको हो। देव जातिको संस्कृति र संस्कारको संरक्षण गर्न बढ्दो रहेको स्वजातीय सम्बन्ध विच्छेद, अन्तरजातीय विवाह, दाइजो, बहुविवाह, समगोत्री विवाह न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय देव सम्मेलन गर्न लागेको सम्मेलनका संयोजक इन्द्रनारायण देवले बताए। 'अन्तरजातीय विवाहले जातीय मौलिकतामा असर पार्छ,' उनले भने, 'अन्तरजातीय विवाह गर्न लागेकाको घरमा पुगेर हामी सामाजिक रुपले दबाब दिन्छौं, जातभन्दा माथि कानून होइन।' ती विषयमा प्रभावकारी रुपमा काम गर्न नेपाल भारतबाट सहभागी हुनेहरुसँग थप छलफल गरी निर्णय गर्ने संयोजक देवले बताए। 'अहिलेसम्म हाम्रो पहिचान र इतिहास पनि स्थापित हुन सकेको छैन, हामी मिथिलाका आदिवासी हौं, अति अल्पसंख्यक भए पनि सरकारले आरक्षणको व्यवस्था गरेको छैन,' उनले भने। सम्मेलनमा जातीय पहिचान र इतिहास निर्माण गर्न, स्वजातीय एकताबद्ध हुन, राति हुँदै आएको विवाह दिनमा गर्ने, श्राद्ध कर्ममा दुई दिन र सम्पीडनमा एक दिन मात्रै भोज गर्ने लगायतका विषयमा छलफल गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ। बागेश्वरी र भवानी सेवा समिति राजविराज, विराट देव सेवा समिति विराटनगर तथा देव समाज विर्तामोडको आयोजनामा गर्न लागेको सम्मेलनमा चार सयभन्दा बढीको सहभागिता हुनेछ।

# राजदेवी मन्दिरमा महिलाहरुले लगाएको गरगहना सहित पर्सहरु समेत चोरी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० असोज**

दशमीमा अत्यधिक भीडभाड रहने गरेको जनकपुरधामस्थित राजदेवी मन्दिरमा यसपटक पनि महिलाहरुले लगाएको गरगहनासहित पर्सहरुसमेत चोरी हुने क्रम रोकिएको छैन।



राजदेवी मन्दिरको दक्षिणतर्फको झ्यालबाट राजदेवी माताको दर्शन गर्न पुगेकी एक महिलाको लाइन लागेकै क्रममा गुपचुप रुपमा पर्स चोरी भएको छ। सो पर्समा ९ हजार रुपैयाँसहित केही सामग्रीहरु पनि रहेको ती महिलाले जानकारी दिइन्। महावीर युवा कमिटीको मातहतमा रही राजदेवी मन्दिरमा पूजाअर्चना हुँदै आएको छ। सो मन्दिरमा विगतमा पनि चोरीको घटनालाई रोक्नका लागि सिसिटिभी क्यामेरा जडान गरिए पनि दर्शनार्थीहरुको अनुहार पहिचान भएको छ। तर सिसिटिभी क्यामेरामा भने चोर समाउने गरी उक्त क्यामेरा जडान नगर्दा चोरले उन्मुक्ति पाएको भन्दै ती महिलाले गुनासो गरिन्। पीडित महिलाले महावीर युवा कमिटीमाथि नै प्रश्न खडा गर्दै उनीहरुमाथि नै चोरीको आरोप लगाइन्। गत वर्ष पनि राजदेवी मन्दिरमा महिलाहरुको अत्यधिक भीडभाड हुने स्थलबाटै करिब आधा दर्जनभन्दा बढी महिलाले लगाएको मंगलसुत्र, सुनको गरगहना र पर्स लगायतका विभिन्न सामग्रीहरु चोरी भएको थियो।


## छाडा पशु चौपायाको संरक्षण गरौं।

**छाडा पशुचौपायाका कारणले:**
- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटविरुवामा क्षति पुग्छ,
- मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन्छ,
- सार्वजनिक शान्ति र सुरक्षामा अवरोध पुग्न सक्छ।

**त्यसैले,**
- पशुचौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
- चरन क्षेत्रको वयवस्थापन गरौं,
- सडकछेउमा पशुचौपाया नछाडौं/छाड्न नदिऔं,
- छाडा पशुचौपायाको नियन्त्रण गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday